सर्वोच्च अदालत
काठमाडौं

# न्यायपालिकाको वार्षिक कार्यप्रगति समीक्षा कार्यक्रम सम्बन्धी सर्वोच्च अदालतको

## प्रेस विज्ञप्ती

सर्वोच्च अदालतका न्यायाधीश र पुनरावेदन अदालतका मुख्य न्यायाधीशहरुबीच देशभरका अदालतहरुको गत आर्थिक वर्षको कार्यप्रगति समीक्षा सम्बन्धी दुई दिवसीय कार्यक्रम सम्पन्न भयो । सम्माननीय प्रधान न्यायाधीश श्री सुशिला कार्कीज्यूले हिजो मिति २०७३।४।१० गते समीक्षा कार्यक्रमको उदघाटन गर्दै न्यायपालिकाको कामकारवाई रणनीतिक योजनाले निर्देश गरेबमोजिम अगाडी बढ्नुपर्ने बताउनुभयो । सो अवसरमा वहाँले अघिल्लो आर्थिक वर्षमा सम्पन्न गरिएका राम्रा कामहरुलाई निरन्तरता दिन र गत वर्ष सम्पन्न गर्न नसिकएका कार्यहरुलाई चालु आ.व.मा थप उत्साहसाथ सम्पन्न गर्नुपर्ने बताउनुभयो ।

समीक्षा कार्यक्रमको पहिलो दिन हिजो मिति २०७३।४।१० गते सर्वोच्च अदालत तथा देशभरका पुनरावेदन र मातहत जिल्ला अदालतहरुको कार्यप्रगति प्रस्तुतिकरण एवम् छलफल भएको थियो । छलफलमा अधिकांश अदालतहरुले योजनाले निर्धारण गरेबमोजिमको लक्ष्य हाँसिल गर्न सकेको देखिएको थियो । समीक्षा कार्यक्रम सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्रज्यूको अध्यक्ष्यतामा सञ्चालन भएको थियो ।

कार्यक्रमको दोस्रो दिन आज २०७३।०४।११ मा आगामी वर्षको प्रमुख कार्यक्रमका रुपमा रहेको तीन विभिन्न विषयमा प्रस्तुतिकरण र छलफल भएको थियो । **मुद्दामा टिपोट प्रणालीको अनिवार्यता र यसको प्रयोग** सम्बन्धमा पुनरावेदन अदालत पाटनका निमित्त मुख्य न्यायाधीश श्री उदयप्रकाश चापागाईंज्यूले प्रस्तुतिकरण र सर्वोच्च अदालतका सम्माननीय प्रधान न्यायाधीशज्यूले अध्यक्षता गर्नुभएको थियो । यसैगरी, पुनरावेदन अदालत सुर्खेतका माननीय मुख्य न्यायाधीश श्री तेजवहादुर के.सीज्यूले **मुद्दामा समयतालीका पद्दतिको प्रयोगसम्बन्धी** प्रस्तुतिकरण गर्नुभएको थियो । टिपोट प्रणाली तथा समयतालीका सम्बन्धी सफ्टवेयर र त्यसको प्रयोगसम्बन्धी व्यवहारिक पक्षका सम्बन्धमा सर्वोच्च अदालतका सह-रजिस्ट्रार श्री नहकुल सुवेदी र सूचना प्रविधि निर्देशक श्री कृष्णप्रसाद पौडेलज्यूले प्रस्तुतिकरण गर्नुभएको थियो । उक्त बिषयको अध्यक्ष्यता सर्वोच्च अदालतका माननीय न्यायधीश श्री जगदीश शर्मा पौडेलज्यूले गर्नुभएको थियो । यसैगरी **न्यायापालिकाको जनआस्था अभिवृद्धि गर्ने** उपायहरुका सम्बन्धमा पुनरावेदन अदालत नेपालगञ्जका माननीय मुख्य न्यायाधीश श्री वमकुमार श्रेष्ठज्यूले प्रस्तुतिकरण र सर्वोच्च अदालतका वरिष्ठतम् माननीय न्यायाधीश श्री वैद्यनाथ उपाध्यायज्यूले अध्यक्ष्यता गर्नुभएको थियो ।

कार्यक्रममा न्याय सम्पादनसंग सम्बन्धित बिभिन्न काम कारवाईका विषयमा खुला छलफलसमेत राखिएको थियो ।

कार्यक्रमको अन्त्यमा सम्माननीय प्रधान न्यायाधीशज्यूले विषम् परिस्थितिमा पनि उत्साहजनक ढङ्गले मुद्दा फछ्यौंट गरी न्यायपालिकाको रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन गर्न सफल भएकोमा समस्त न्यायाधीश एवम् कर्मचारीहरुलाई बधाई एवम् धन्यवाद व्यक्त गर्नुभएको थियो । सो अवसरमा वहाँले अदालतको सेवा प्रवाहमा प्रभावकारिता ल्याइ न्यायमा सहज पहुँचको सुनिश्चितता गर्न आगामी दिनमा अझ बढी हौसला, प्रतिवद्धता र स्वामित्वबोधका साथ क्रियाशील रहन निर्देशन दिनुभएको थियो ।

मिति: २०७३।०४।११

नहकुल सुवेदी
प्रवक्ता
सर्वोच्च अदालत